# विद्यालय छात्रवृत्ति कार्यक्रमको सामाजिक उपादेयता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह

दोस्रो वर्ष शैक्षिक योजना तथा व्यवस्थापन विषयको

आंशिक आवश्यकता परिपूर्तिको

लागि प्रस्तुत

शोधपत्र

**शोधार्थी**

प्रकाश प्रसाद दाहाल

स्नातकोत्तर तह दोस्रो वर्ष

शैक्षिक वर्ष २०६१/६२

परीक्षा रोल नं.२१४०४८८/०६५

त्रि.वि.दर्ता नं. ६-१-७-७७७-९६

क्याम्पस रोल नं.११०

**प्रस्तुत**

सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ

असार, २०६९

# कृतज्ञताज्ञापन

**"विद्यालय छात्रवृत्ति कार्यक्रमको सामाजिक उपादेयता"** भन्ने शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह शैक्षिक योजना तथा व्यवस्थापन विषयअन्तर्गत, दोस्रो वर्षको Ed. ५९८पाठ्यांशको आंशिक आवश्यकता पूरा गर्न तयार पारिएको हो । यस सिलसिलामा विद्धानवर्ग, सहयोगी विद्यालय परिवार, अध्ययनसँग सम्बन्धित प्र.अ., स्रोत व्यक्ति र कार्यक्षेत्रका महानुभावबाट उच्चतम् सहयोग प्राप्त भएको छ । जसप्रति म हार्दिक आभार व्यक्त गर्दछु ।

उपयुक्त शीर्षकको प्रस्तावना स्वीकृत गरी अनुसन्धानका लागि अवसर प्रदान गर्ने शैक्षिक योजना तथा व्यवस्थापन समिति र यस अनुसन्धान कार्यको शिर्षक छनौट देखि कलेवर तयार नहुनजेलसम्म अनवरत रूपमा आफ्नो अमूल्य समय र सल्लाह सुझाव प्रदान गरेर समुचित निर्देशन एव्म उत्साहवर्द्धक प्रेरणा प्रदान गर्नुहुने शोधनिर्देशक श्रदेय गुरु उप-प्रा. लक्ष्मीकुमार श्रेष्ठज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्र निर्माण गर्ने क्रममा सहयोग लिइएका र साभार गरिएका विभिन्न पाठ्यसामग्रीको आदरणीय रचनाकारहरूप्रति आभारी छु ।

यस शोधपत्र तयार पार्ने क्रममा मलाई विभिन्न आर्थिक, भौतिक, शैक्षिक सहयोग प्रदान गरी सहयोग गर्नुहुने मेरा आदरणीय गुरुवर्ग, मातापिता, दाजु दिदी एवम् सहयात्री मित्र चन्द्रकला रिमाल (दाहाल) एवम् समस्त परिवार प्रति म कृतज्ञ छु ।

अन्त्यमा कम्प्युटर टाइप देखि लिएर सम्पूर्ण प्रिन्टिङ्गसम्बन्धी सेवा र सहयोग उपलब्ध गराई शोधपत्र तयार पार्न सहयोग गर्नुहुने होराइजन कम्प्युटर सेन्टरका मित्र अश्विन उप्रेतीलाई धन्यवाद दिन चाहन्छु ।

प्रस्तुतकर्ता

प्रकासप्रसाद दाहाल

# शोधसार

विद्यालय छात्रवृत्ति कार्यक्रमको सामाजिक उपादेयता शिर्षकको शोध कार्य एम.एड दोस्रो बर्षको आंशिक आवस्यकता पुरा गर्नका लागि विद्यालय छात्रवृत्ति कार्यक्रमको सामाजिक उपादेयताको लेखाजोखा गर्ने, छात्रवृत्ति वितरणका आधारहरूको विश्लेषण गर्ने, छात्रवृत्ति कार्यक्रमका समस्या पहिचान गर्ने, छात्रवृत्ति कार्यक्रमको मूल्याङ्कन गरि छात्रवृत्ति कार्यक्रमलाइ प्रभावकारी बनाउने उपायहरू सुझाव दिने मुख्य उद्देष्य राखि सम्पन्न गरिएकोछ ।

साधन र स्रोतको सीमितताका कारण यस अध्ययनलाई तेह्रथुम जिल्ला म्याङ्लुङ स्रोत केन्द्रमा सिमित गरिएको छ । यसले राष्ट्रको प्रतिनिधित्व गर्न सक्ने छैन् । यसलाई सीमित मात्र सामान्यीकरण गर्न सकिने छ । अध्ययनले म्याङ्लुङ स्रोत केन्द्रका प्र.अ., स्रोत व्यक्ति, वि.नि., शिक्षक र सेवाक्षेत्रका अभिभावकहरूलाई उद्देश्य मुलक नमुना छनोटका आधारमा ३३ जना छनोट गरी प्रश्नावली, अन्तर्वार्ता प्रश्नावली र लक्षित समुह छलफलबाट तथ्य धारणा र अभिमत लिई तिनीहरूलाई परिमाणात्मक र गुणात्मक ढाँचामा व्याख्या विश्लेषण गरिएको छ ।

अध्ययनका क्रममा प्राप्त भएका तथ्य धारणा र दृष्टिकोणलाई छात्रवृत्ति कार्यक्रमको उपादेयता, छात्रवृत्ति रकम प्रतिको धारणा, छात्रवृत्ति वितरण गर्ने प्रक्रिया, छात्रवृत्ति वितरणको समय, वितरण गर्ने सामग्री, छात्रवृत्ति कोटा र कोटा वितरण गर्ने आधारहरूका बारेमा अध्ययन गरिएको छ । यसबाट प्राप्त तथ्य, धारणा र विचारलाई मास्लोको आवश्यकताको सिद्धान्त, दुर्खिमको शिक्षाको समाज शास्त्रको सिद्धान्त, प्याव्लभको शास्त्रीय प्रत्यावर्तनको सिद्धान्त र थन्डाइकको सम्वलनको सिद्धान्तसँग सम्बन्धित गराई व्याख्या विश्लेषण गरिएको छ । अध्ययनमा छात्रवृत्ति कायृक्रममा समस्याहरू खोजी गर्नका साथै छात्रवृत्ति कार्यक्रमको मूल्याङ्कन गरी छात्रवृत्ति कार्यक्रम प्रभावकारी बनाउने उपाय प्रस्तुत गरिएको छ । अध्ययनबाट प्राप्त तथ्य र तथ्याङ्कलाई प्रतिशत र रेखाचित्रमा प्रस्तुत गरिएको छ ।

अध्ययनबाट छात्रवृत्ति कार्यक्रमको आवश्यकता रहेको, छात्रवृत्ति कार्यक्रमबाट विद्यार्थी, अभिभावक र समुदायले महत्त्वपुर्ण लाभहरू प्राप्त गरिरहेको पाइएको छ। छात्रवृत्ति वितरण गर्ने प्रक्रिया र समय प्रभावकारी नभएको अधिकाशं प्र.अ., शिक्षक तथा अभिभावकहरूको दृष्टिकोण रहेको पाइएको छ। छात्रवृत्ति वितरणमा कुनै विशिष्ट शैक्षिक उन्नयनका आधारहरू निर्धारण गरिएको छैन्। केवल विद्यालय हातामा प्रवेश गरेको भरमा छात्रवृत्ति दिइने चलन प्रति अभिभावकहरूको गुनासो रहेको पाइएको छ। छात्रवृत्ति पाउने विद्यार्थीको शैक्षिक उपलब्धि सुधार भएपनि उमेर पक्षलाई ख्याल गरेको देखिदैन्। छात्रवृत्ति वितरणको सम्बन्धमा प्रभावकारी र जिम्मेवारीपूर्ण निरिक्षण अनुगमन भएको पाइएन।

यसरी छात्रबृत्ति कार्यक्रयका सम्वन्धमा प्राप्त तथ्य र दृष्ट्रिकोणका आधारमा परिवारिक सामाजिक तथा आर्थिक स्तरिकरणको आधारमा छात्रबृत्ति वितरण गर्नु पर्नु, छात्रबृत्ति वितरण गर्ने निर्देशिका वनाई प्रभावकारी रूपमा लागु गर्ने, विद्यार्थी तथ्याङलाई चुस्त र वास्तविक बनाउने एकिकृत तथ्याङ्क प्रणालीको बिकास गर्नु पर्ने, अनुगमन र निरिक्षण प्रणालीलाई ब्यवस्थित गर्नु पर्ने सुझावहरू प्रस्तुत गरिएको छ।

# विषय सूची


| | | |
|---|---|---|
| | | पेज नं. |
| सिफारिस पत्र | | i |
| स्वीकृत पत्र | | ii |
| कृतज्ञता ज्ञापन | | iii |
| शोधसार | | iv |
| संक्षिप्त शब्दावली | | vi |
| विषयसूची | | vii |
| तालिकासूची | | x |
| रेखाचित्र | | xi |


## परिच्छेद एक : परिचय


| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ६ |
| १.३ | अध्ययनको औचित्य | ७ |
| १.४ | अध्ययनको उद्देश्य | ८ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरू | ९ |
| १.६ | अध्ययनको परिसिमा | ९ |
| १.७ | शब्दहरूको परिभाषा | १० |


## परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका


| | | |
|---|---|---|
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | ११ |
| २.२ | सैद्धान्तिक खाका | १४ |
| २.३ | शैक्षिक उपदेयता | १७ |

## परिच्छेद तीन : अध्ययन विधि


| | | |
|---|---|---|
| ३.१ | अनुसन्धानको ढाँचा | १९ |
| ३.२ | जनसंख्या | १९ |
| ३.३ | नमुनाको आकार र छनौट विधि | १९ |
| ३.४ | नमुना छनौटका आधारहरू | २० |
| ३.५ | अनुसन्धानका साधन | २० |
| ३.६ | तथ्याङ्कका स्रोतहरू | २० |
| ३.७ | तथ्याङ्क संकलन प्रक्रिया | २० |
| ३.८ | तथ्याङ्को विश्लेषण प्रक्रिया | २१ |


## परिच्छेद चार : तथ्याङ्कको  विश्लेषण र व्याख्या


| | | |
|---|---|---|
| ४.१ | छात्रवृत्ति कार्यक्रमको उपादेयता | २२ |
| | ४.१.१ विद्यार्थीले प्राप्त गरेको लाभ | २३ |
| | ४.१.२ अभिभावकले प्राप्त गरेको लाभ | २४ |
| | ४.१.३ समुदायले प्राप्त गरेको लाभ | २५ |
| | ४.१.४ छात्रवृत्तिको रकम | २६ |
| | ४.१.५ छात्रवृत्ति वितरण प्रक्रिया | २७ |
| ४.२ | छात्रवृत्ति वितरणको आधार | ३२ |
| | ४.२.१ विद्यार्थी सङ्ख्या | ३२ |
| | ४.२.२ जातिगत आधार | ३३ |
| | ४.२.३ भौगोलिक आधार | ३३ |
| | ४.२.४ लैङ्गिक आधार | ३४ |
| | ४.२.५ नियमितताको आधार | ३४ |
| | ४.२.६ विद्यार्थी पृष्ठभूमिको आधार | ३४ |
| ४.३ | छात्रवृत्ति कार्यक्रमका समस्या | ३७ |
| | ४.३.१ छात्रवृत्ति कोटा वितरणको समस्या | ३७ |

४.३.२ छात्रवृत्ति रकम निकासाको समस्या ३८

४.३.३ विद्यार्थी भर्ना सम्बन्धि समस्या ३८

४.३.४ विद्यार्थी अनिमितताको समस्या ३९

४.३.५ छात्रवृत्ति वितरणको समस्या ३९

४.३.६ छात्रवृत्ति दुरूपयोगको समस्या ४०

४.४ छात्रवृत्ति कार्यक्रमको मूल्याङ्कन ४२

४.५ छात्रवृत्ति कार्यक्रम प्रभावकारी बनाउने उपाय ४५

४.५.१ उपयुक्त कानुनी ब्यवस्था ४५

४.५.२ तथ्याङ्क ब्यवस्थापनको सुढृढिकरण ४५

४.५.३ प्रशासनिक पारदर्शिता र चुस्त ब्यवस्थापन ४५

४.५.४ छात्रवृत्तिका लागि उपयुक्त आधारको खोजी र अवलम्बन ४६

४.५.५ विद्यार्थी भर्ना र स्थानान्तरणको प्रभावकारी ब्यवस्थापन ४६

४.५.६ नियमित र प्रभावकारी विद्यालय निरिक्षण र अनुगमन ४६


**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू**


५.१ प्राप्ति ४७

५.२ निष्कर्ष ४८

५.३ सुझावहरू ४९

*सन्दर्भसामग्रीहरू*

*अनुसूचीहरू*

## तालिका सूची


| तालिका नं. | पेज नं. |
| --- | --- |
| १ | २२ |
| २ | २७ |

## चित्र सूची


| चित्र नं. | पेज नं. |
|---|---|
| १ | २६ |
| २ | २८ |
| ३ | ३० |
| ४ | ३६ |

## संक्षिप्त शव्दावलीहरू

| | |
|---|---|
| प्र.अ. | प्रधानाध्यापक |
| वि.नि. | विद्यालय निरीक्षक |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| शि.अ.संघ | शिक्षक अभिभावक संघ |
| रा.यो.आ. | राष्ट्रिय योजना आयोग |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यालय |
| जि.शि.अ. | जिल्ला शिक्षा अधिकारी |
| जि.शि.स. | जिल्ला शिक्षा समिति |
| जि.वि.स. | जिल्ला विकास समिति |
| गा.वि.स. | गाउँ विकास समिति |